ISSN 2795-1774 (Print), 2795-1782 (Online)
**Journal of Fine Arts Campus, 2025, Volume 7, Issue 1.**
Double Blind Peer Reviewed Research Article

# सालैजो गीतको साँस्कृतिक र साङ्गीतिक महत्व

थानेश्वर गौतम#*
# Research Scholar, Central Dept. of Fine Arts, Tribhuvan University.
*Corresponding Author: ashru2046@gmail.com

**Citation:** गौतम, थानेश्वर (सन् २०२५). सालैजो गीतको साँस्कृतिक र साङ्गीतिक महत्व**.** *Journal of Fine Arts Campus*, *7*(1). 34-40. https://doi.org/10.3126/jfac.v7i1.90778

**लेखसार**

विशेषगरी साविकका गण्डकी, लुम्बिनी र धौलागिरी अञ्चलतिर प्रचलित सालैजो गीत नेपालको मौलिक लोक गीत हो । सालैजो शब्द सालीज्यूबाट अपभ्रंश भएर सालैजो बनेको पाइन्छ । यो नेपालको अमूर्त साँस्कृतिक सम्पदाको रुपमा रहेको अत्यन्तै चर्चित लोक गायनको शैली मानिन्छ । लोकभावना समेटिएको सालैजो गीतको प्रभाव त्यहाँको लोक जीवन र संस्कृतिसँग प्रत्यक्ष जोडिएको हुन्छ ।यस आलेखमा विशेषगरी सालैजो गीतको साँस्कृतिक तथा,साङ्गीतिक महत्वका साथसाथै नेपाली समाजमा यो गीतले पार्ने प्रभावका सम्बन्धमा चर्चा गरिएको् छ । यो लेखले सालैजो गीतका बारेमा जान्न चाहने अध्येताहरुको लागि एउटा रोचक सामाग्री बन्नुका साथसाथै नेपाली लोक सङ्गीतका विद्यार्थीहरुलाई समेत प्रत्यक्ष फाइदा पुऱ्याउने अपेक्षा गरिएको छ । पुस्तकालय तथा खोज विधिबाट यो विषयमा अध्ययन गरी यो विषयसँग सम्बन्धित पूर्व अध्येता, केही सालैजो गीतका गायकसँग वार्तालाप गरी सकेसम्म धेरै जानकारी दिने कोशिस गरिएको छ । धेरै नेपालीहरूले सालैजो गीतलाई अत्यन्त मन पराएको र यसबारेमा विश्वविद्यालय स्तरीय प्राज्ञिक लेख अत्यन्त कम पाइएकोले यो आलेख तयार गरिएको छ ।

**शब्दकुन्जी :** लोकगीत, सालैजो, संस्कृति, नेपाली सङ्गीत ।

## सालैजो गीतको परिचय

सालैजो नेपाली मौलिकलोक सङ्गीतको एउटा महत्वपूर्ण गायन शैली हो । मौलिक भनेको मूल स्रोत कुनै पनि सिर्जना रचनाहरूको प्राचीन रूप भन्ने बुझाउँछ । शैली भनेको मुख्यतः लोक गीतको गायन वा कथनको तरिका हो । त्यसैगरी कुनै विषय वा विचारको कथन गर्न अंगालिएको ढङ्ग पनि लोक गीतको शैली नै हो (गिरी, २०७२) । सालैजो नेपाली लोक गीतको एउटा प्रकार हो । विशेषगरी सालैजो कुनै विशेष चाडपर्वमा मात्र नभएर सदावहार रूपमा गाइने गीतको रुपमा मानिन्छ । मुख्यत सालैजो गीत धौलागिरी र लुम्बिनी अञ्चलतिर प्रचलनमा छ (रावल,२०६३) ।

सालैजो आजभोलि प्राय नेपालीहरूको नाचगान र मनोरञ्जनको गीत बनेको छ । यो गीत गुरुङ मगर समुदायका युवायुवतीहरूले ठट्यौली पारामा रमाइलो गर्दै सालीज्यू सालीज्यू भन्दै जिस्किँदै युवायुवती ठट्यौली पारामा गाउने गीत हो र पछि यसको अपभ्रंश हुँदै सालैजो गीत भनिन पुगेको छ । विकासको प्रारम्भिक अवस्थामा मौखिक परम्पराबाट एक पिँढीबाट अर्को पिँढीतिर सरेर गीतले आफ्नो अस्त्विलाई कायम राखेको पाईन्छ । संसारमा भएका लोकगीतहरु यसै परम्पराबाट विकास भएका हुन् (बराल, वि.सं. २०७९) । सालैजो पनि एउटा लोक गीत हो । बालक, युवा, वृद्ध सबैका मनका अन्तरकुन्तरका भावनाहरु टिप्न, बोल्न, तिनलाई गुन्गुनाउन गुन्गुनाउन मिल्ने भएकोले नै लोक गीतले सबै वयवर्गका मानिसको हृदय छुन सकेको छ (पौडेल, २०७४) ।

सालैजो गीतको गायन परम्परा मगर र गुरुङ समुदायको सांस्कृतिक परम्पराबाट आएको मानिन्छव । विशेषगरी सालैजो गीत गाएर चर्चामा आएका गायक खड्क गर्बुजाको भनाइ अनुसार सालैजोको लामो इतिहास थाहा नभए पनि यो गीत मगर समुदायबाट विकसित भएको पाइन्छ (खड्क गर्बुजा टेलिफोन अन्तर्वार्ता) ।

५० भन्दा बढी सालैजो रेकर्ड गरेका गायक राजु गुरुङका अनुसार सालेजो गाउँका अग्रज बुढापाकाहरूबाट प्रभावित भएर आफू सालैजो गायक भएको बताए सालैजोको विस्तृत इतिहास आफूलाई थाहा नभएको तर मौखिक परम्पराबाट हुर्कँदै आएको भन्ने कुरा उनले बताए ठिटाठिटी जिस्किने क्रममा सालीलाई जिस्काउँदै गाइने यो शैलीको रूपमा आफूले बुझेको बताए (राजु गुरुङ्ग टेलिफोन अन्तर्वार्ता) ।

ISSN 2795-1774 (Print), 2795-1782 (Online)
**Journal of Fine Arts Campus, 2025, Volume 7, Issue 1.**
**Double Blind Peer Reviewed Research Article**

सालैजो पानी खायो बाघैले

६ मात्रा

| | | | | |
|---|---|---|---|---|
| | म - - | - - - | | |
| | हा ऽ ऽ | ऽ ऽ ऽ | | |
| | सा रे म | - रे सा | रे सा ध | सा सा - |
| | त्यो रा ऽ | ऽ नी ऽ | वन ऽ ऽ | को ऽ ऽ |
| | सा रे म | - प ध | प ध सां | - - - |
| | ति र ति | ऽ रे ऽ | धा रो ऽ | ऽ ऽ ऽ |
| | धप म सां | ध प म | रे रे रे | म - - |
| | साऽ ऽ ऽ | लै ऽ ऽ | जो ऽ ऽ | ऽ ऽ ऽ |
| | म म प | - ध प | म म प | प म रे |
| | पा नी खा | ऽ ऽ यो | बा ऽ ऽ | घै ऽ ऽ |
| | म - रे | म म म | | |
| | ले ऽ ए | ए ए ए | | |
| केटी | म म म | प म रेसा | सा सा सा | रे रे सा |
| | पा नी ऽ | ऽ खा योऽ | बा ऽ ऽ | घै ऽ ऽ |
| | सा सा सा | रे रे रे | सा सा सा | रे रे सा |
| | ले ए ए | ए ए ए | हा आ आ | आ आ आ |

छिटो ताल

| | | | |
|---|---|---|---|
| रे म प | ध ध सां | प प म | प - म |
| हाँ सि देउ | बो ली देउ | ना चि देउ | मा ऽ या |
| रे म प | ध ध सां | प प म | प म म |
| जि न्द गी | के छ र | दुई दिन को | राम छा याँ |


यो समुदायमा साली भेनाको सम्बन्ध अत्यन्तै रमाइलो र जिस्किने ठट्यौली पाराको र सालीलाई जिस्क्याउँदा सालीज्यू सालीज्यू भनिन्छ । पछि सालीज्यूबाट अपभ्रंश हुँदै जाँदा सालैज्यू भएको भनिन्छ । यो गीत गाउनको लागि केटाकेटी बिना सम्भव हुँदैन परम्परागत रूपमा पनि केटाले झिक्ने र केटीले छोप्ने अर्थात् रहनी राख्ने पनि भनिन्छ । आजभोलि सालैजो दोहोरीको रुपमा पनि प्रचलनमा आएको उनले गाएको एउटा प्रचलित सालैजो भाकाको शब्द यहाँ प्रस्तुत गरिएको छ (टेलिफोन वार्तामा आधारित)


*त्यो रानी वनको तिरतिरे धारो,*
*सालैजो पानी खायो बाघैले*
*केटी समूह : पानी खायो बाघैले*
*हाहो माया ख्याल हैन साँचो सालैजो*
*केटी समूह : पानी खायो बाघैले*
*गीतै र गाउन सोरैमा छैन सालैजो घुमाइदेऊ रागैले*
*केटी समुह घुमाइदेऊ रागैले*
*हाहो माया सालैजो घुमाइदेऊ रागैले*
म - - - - - हा ऽ ऽ ऽ ऽ ऽ

| | | | | |
|---|---|---|---|---|
| | म - - | - - - | | |
| | हा ऽ ऽ | ऽ ऽ ऽ | | |
| | सा रे म | - रे सा | रे सा ध | सा सा - |
| | हा आ ऽ | हो ऽ ऽ | मा ऽ ऽ | या ऽ ऽ |
| | सा रे म | - प ध | प ध सां | - - - |
| | ख्या ऽ ल | हो इ न | सा ऽ चो | ऽ ऽ ऽ |
| | धप म सां | ध प म | रे रे रे | म - - |
| | साऽ ऽ ऽ | लै ऽ ऽ | जो ऽ ऽ | ऽ ऽ ऽ |
| | म म प | सां धप म | म म प | म रे - |
| | पा नी खा | ऽ योऽ ऽ | बा ऽ ऽ | घै ऽ ऽ |
| | म म रे | म म - | | |
| | ले ए ए | ए ऽ ऽ | | |
| केटी | म म प | सांध प म | म म प | म रे - |
| | पा नी ऽ | खाऽ यो ऽ | बा ऽ ऽ | घै ऽ ऽ |
| | म म रे | म म - | सा सा सा | रे रे सा |
| | ले ए ए | ए ए ए | हा ऽ ऽ | आ ऽ ऽ |


गाउँगाउँमा सालैजो एउटा गाउँको युवा समुह र अर्को गाउँको युवती समूहबीच र अरु पनि गाउनले चलन छ । गाउँमा मेला लाग्दा वारि गाउँका ठिटीहरु पारि गाउँका ठिटाठिटी हरु पनि पुग्ने गर्छन् । गीत गाउँदा गाउँदै युवतीको समुहलाई थुन्ने पनि चलन छ । गीत गाउँदा गाउँदै युवाहरूले युवतीको समूहलाई थुन्ने पनि चलन छ । गीत गाउँदा सालैजो सिरफुली यानीमाया जस्ताभाकाहरु प्रयोग हुन्छन् । रातभरि तन्नेरी र तरुनीहरु मिलेर सालैजो गाउने प्रचलन छ । केटाले उच्चारण गरिने शब्द केटीले छोप्ने चलन अनि मिलेर सालैजो गाउने प्रचलन छ । यसले गर्दा सुन्नमा र नाच्नमा बेग्लै मजा आउँछ । यो सालैजोको मुख्य विशेषता हो । सालैजो मुख्यतः मायाप्रेममा आधारित हुन्छन् (बराईली, २०८१)।

ISSN 2795-1774 (Print), 2795-1782 (Online)
**Journal of Fine Arts Campus, 2025, Volume 7, Issue 1.**
Double Blind Peer Reviewed Research Article




सालैजो गीत नेपाली लोक सङ्गीतको विधाहरुमध्ये प्रमुख विधा मानिन्छ । जसले नेपाली समाज अनि साँस्कृतिक परम्परा र जनजीवनको विविध पक्षलाई उजागर गर्दछ । सालैजो गीतको सद्धान्तिक पक्षहरुलाई पनि यहाँ समावेश गरिएको छ । नेपालमा चर्चित गीतहरू मध्येको एउटा गीत सालैजो गीत हो । सालैजो थेगो प्रयोग गर्दै गाइने गीत हो । सालैजो शब्द सालीज्यू शब्दको मेलबाट निर्मित शब्द हो । विशेषगरी मगर, गुरुङ जातिमा प्रचलित यो सालैजो गीतको गायनमा महिलाहरू पनि सहभागी हुन्छन् तर, पुरुषको बाहुल्यता बढी हुन्छ । यो गीतमा बाजाको रुपमा मादलको विशेष प्रयोग हुन्छ । मनोरञ्जनको मुख्य उद्देश्य रहेको सालेजो गीत गाउँघर, गोठ, आँगन, चौर, वनपाखा आदिमा गाइने बजाउने गरिन्छ । यो गीतमा धेरै भेदहरु पाइन्छन् जस्तै टुक्कायुक्त दोहोरी लामो सालैजो । टुक्काबिहिन एकहोरो लामो सालैजो, बिना सालैजो, साउने सालैजो, भदौरे सालैजो, बलैजा आदि ।।




यद्यपि सालैजो गीत सम्बन्धी केही पुस्तकहरू, पत्रपत्रिकाहरू र लेखरचनाहरू प्रकाशित भएका छन्, तर विश्वविद्यालयस्तरीय गहन अनुसन्धान वा प्राज्ञिक लेखहरू प्रकाशित नभएको परिप्रेक्षमा विषयको रिक्तता अनुभव गरी त्यसलाई पूर्ति गर्ने उद्देश्यले यो आलेख तयार पारिएको छ । मुलत यस अध्ययन अनुसन्धानको उद्देश्य सालैजो गीतको सांस्कृतिक, महत्वको खोजी गर्दै यसको साङ्गीतिक विशेषता पत्ता लगाउनु र नेपाली समाजमा यसको प्रभाव के कस्तो रहेको छ

ISSN 2795-1774 (Print), 2795-1782 (Online)
**Journal of Fine Arts Campus, 2025, Volume 7, Issue 1.**
Double Blind Peer Reviewed Research Article

?भनी विश्लेषण गर्नु रहेको छ । अध्ययनका लागि पुस्तकालय अनुसन्धान र खोज विधि प्रयोग गरिएको छ, साथै विषयसँग सम्बन्धित पूर्वप्रकाशित सामग्रीको अध्ययन गरी तथ्यहरू संकलन गरिएको छ । साथै, केही अग्रज सालैजो गायकहरूसँग फोन संवाद गरी थप जानकारी संकलन गर्ने प्रयास गरिएको छ। धेरै नेपालीहरूद्वारा अत्यन्त रुचाइएको सालैजो गीत नेपाली लोकसंस्कृतिको एक महत्वपूर्ण अङ्ग हो, जसले हाम्रो सामाजिक जीवन, परम्परा, र सामूहिक भावनालाई प्रतिनिधित्व गर्छ। यसको लय, भाषा र अभिव्यक्तिमा नेपाली समाजको जीवन्तता र मौलिकता झल्किन्छ। त्यसैले सालैजो गीतको सांगीतिक महत्व, सांस्कृतिक मूल्य र सामाजिक प्रभावको समग्र अध्ययन अत्यावश्यक भएको देखिन्छ र यो आलेखले त्यस दिशातर्फ एक सानो प्रयास गरेको छ।

यसरी सालैजोले कुनै पनि ठाउँको परिवेश समाजमा भएका यथार्थ घटनाहरू गीत मार्फत व्यक्त गर्दछ। सालैजो गीतको उदाहरणको लागि प्रचलित शब्दहरु यहाँ प्रस्तुत गरिएको छ ।

*केटा: गाईको बाच्छी भकारैमा गाई चराउँदै वन*
*न्याउली जस्तै मै जुराउँदा खाएन तिम्रो मन*
*सालैजो मार्यो नि मायाले*
*केटी: उँदै बग्यो कालीगंगा बागलुङैको मुनि*
*तिमी टाढा म नि टाढा सम्झिसम्झी रुनी*
*सालैजो मार्यो नि मायाले*
*समूह: नैना रेशम मायाको कसम*
*तिमीलाई छोडी अन्त म कहाँ बसम*
*केटा: मासु मिठो मसलाले चना मिठो घिउले*
*हिजो मैले नजान्नाले दुःख पायो जीउले*
*सालैजो मार्यो नि मायाले*
*केटी: जन्मदैमा ल्याको कर्म छेक्दा नछेकिने*
*माया हुन्छ कलेजीमा देख्दा नदेखिने*
*सालैजो मार्यो नि मायाले*
*समूह करिमैले लगायो फेरो*
*लगाइदिउँ कि मायाको चौघेरो*
*(स्रोत: थानेश्वर गौतम युट्युब च्यानल)*

**साँस्कृतिक महत्व**

कुनै पनि गीत या सङ्गीत त्यो समाज वा राष्ट्रको सांस्कृतिक पहिचानको अभिन्न हिस्सा बनेको हुन्छ । यसले मानिसको जीवनशैली, परम्परागत मान्यता, मूल्य, भावना, र ऐतिहासिक अनुभवलाई व्यक्त गर्छ । नेपाली समाजमा लोकगीतहरू विशेष रूपमा सांस्कृतिक सम्पदाका रूपमा लिइन्छन्, किनभने तिनीहरूले सामुदायिक एकता, मौलिकता, र परम्परालाई संरक्षण गर्न मद्दत गर्छन् । संस्कृति भनेको कुनै पनि समाज, समुदाय, वा राष्ट्रको रहन सहन, परम्परा, विश्वास, मूल्य, कला, भाषा, धर्म, सङ्गीत, पोशाक, खानपान, आचार-व्यवहार, र जीवनशैली को समग्र रूप हो । यो एक पुस्तादेखि अर्को पुस्तासम्म हस्तान्तरण हुँदै आउने मौखिक, लिखित, र व्यवहारिक सम्पदा हो, जसले मानिसको पहिचान र सामूहिक चेतना निर्माण गर्छ । संस्कृतिहरु भौतिक, अमूर्त संस्कृति छन । सालैजो गीत पश्चिम नेपाल विशेषगरी धौलागिरी,गण्डकी, र लुम्बिनीमा गाइने लोकप्रिय लोकगीत हो । यो गीत गाउन कुनै चाडपर्व, स्थान, मठमन्दिर, महिना र समय, उत्सव र जात्रा आवश्यक नपर्ने र बाह्रैमहिना जुनसुकै बेला गाउन सकिने भएकाले यसलाई सदाकालिक गीत मान्न सकिन्छ । मनको पिर र वह पोख्ने अनि मनवहालाउने उद्देश्यले र मायाँ पिरतीका दोहोरी अभिव्यक्तिलाई सन्मुख प्रकट गर्ने ध्येयले यी गीत गाइन्छ । यसको गायन एकल, दोहोरी र सामूहिक जसरी पनि गरिन्छ तर सामूहिक गायनका बेला भने मादलको प्रयोग गरेको भेटिन्छ ।

सानो सानो मादलु मेरो सालैजो ! खरी त झर्दैन
मरेर जान्छ जोवान हाम्रो सालैजो ! डर मान्नु पर्दैन ।
धोवीमा धारा मैं पँधेरीमा सालैजो ! धोवी लुगा धुँदैछ
के भन्थ्यौ तिम्ले के भन्ये मैले सालैजो ! यै मन त रुँदै छ ।
बाबा र ज्युको त्यो दैलाम्नि सालैजो फूल फुल्यो गमिलो
न धंदा जान्छ न रुँदा जान्छ सालैजो यो मनको धमिलो ॥ (आचार्य,२०६३ पृ ३६७)

Journal homepage: https://www.nepjol.info/index.php/jfac
Publisher: Fine Arts Campus (Tribhuvan University), Kathmandu, Nepal.
https://lc.tu.edu.np
email : journalfinearts@gmail.com

ISSN 2795-1774 (Print), 2795-1782 (Online)
**Journal of Fine Arts Campus, 2025, Volume 7, Issue 1.**
Double Blind Peer Reviewed Research Article

पुरुष छिटो ताल

| | | | | | | |
|---|---|---|---|---|---|---|
| ध - सा | रे म - | \| | पम रे सा | सा म - | \| | रे - सा |
| नै ऽ ना | रे सम ऽ | \| | मा ऽ याँ | को ओ | \| | कस् सम |
| ध - सा | रे म - | \| | पम रे सा | सा म - | \| | रे सा सा |
| तिम ऽ लाई | छो ऽ डी | \| | अन्त ऽ | म अँ ऽ | \| | काँ ब सम् |

यस गीतसँग सम्बन्धित भेषभूषा पनि त्यहाँका स्थानीय समुदायको पहिचान झल्काउने खालको हुन्छ ।

पुरुषहरूको भेषभूषा गुरुङ, मगर समुदायको परम्परागत संस्कृतिसँग जोडिएको परम्परागत नेपाली पोशाक गजा, घलेकी कछाड, ढाकाटोपी वा फेटा (ढाका वा सेतो कपडाको टाउकोमा बाँध्ने), पटुका (ढाडमा बाँधिने, जसमा पैसा वा सरसामान राख्ने चलन छ) रहेको छ । महिलाहरूको भेषभूषा गुन्यू चोली अनि परम्परागत नेपाली महिलाको पहिरन जातीय समुदाय अनुसार फरक डिजाइन र रंगको फरिया, चुरा, पोते, तिलहरी (विवाहित महिलाहरूका गहना, नथी (नाकको फुली), निधारमा टिका खुरपेटो, कम्मरमा बाँध्ने परम्परागत पटुका आदि । सौन्दर्य पक्षको रुपमा स्थानीय डोका, नाम्ला, डालीहरू लगाएत अन्य सामाग्रीहरु समेत देखाउने गरिन्छ । सालैजो गीतको नृत्य उत्साह, प्रेम, सामूहिक एकता, र परम्परागत सौन्दर्यको अभिव्यक्ति हो । गीत गाउने क्रममा यससँग विशेष नृत्य समेत गरिन्छ, जसले स्थानिय संस्कृति झल्काउँछ । सालैजो नृत्य प्रायः समूहमा गरिन्छ, जहाँ पुरुष र महिला मिलेर नाच्छन् । एक अर्कालाई उत्तर दिने शैलीमा गीत गाइन्छ र सोही अनुसार नाचिन्छ । गाउँका मेलाहरू, पर्वहरू, जस्तै, तिहार, तीज, देउसी भैलो) मा सालैजो नाच्ने चलन छ । नाच्नेहरू प्रायम् वृत्ताकार घेरामा वा पंक्तिबद्ध रूपमा बसेर, उभिएर हात समातेर वा पटुका हल्लाउँदै ताल मिलाएर अघि पछि वा दायाँ बायाँ लहरिएर नाचिन्छ यो गीतमा नृत्य नियमित, लयबद्ध, र सरल शैलीमा गरिन्छ । गीतको भाव अनुसार अनुहारका हाउभाउ र हातका मुद्रालाई समावेश गरिन्छ । प्रेम, विछोड, रमाइलो, हर्षका भावलाई शारीरिक चाल बाट व्यक्त गरिन्छ । विशेषगरी सालैजो गीत सामाजिक चाडपर्वमा मात्र नभएर बाह्रै महिना गाउने गीत हो ।

**साङ्गीतिक महत्व**

सालैजो गीत, जसको साङ्गीतिक महत्व गहिरो र भावपूर्ण छ । गायन र वादन अत्यन्त सुन्दर र मनमोहक हुन्छ। विशेषगरी यो गीत ६ मात्राको तालमा गाउने बजाउने गरिन्छ, सरल लय र तालमा प्रस्तुत गरिन्छ। सालैजो गीतहरू प्रायः मधुरो र सहज लय मा गाइन्छ । गीतमा एक जना गायकले प्रश्नस्वरूप एक हरफ गाएपछि अर्को गायकले उत्तर दिने शैली अपनाइन्छ । कतै केटाले उठाउने केटीले छोप्ने र केटीले उठाउने केटाले छोप्ने पनि चलन छ । यो शैलीले दोहोरी गीत जस्तै संवादात्मक र रोचक बनाउँछ । सालैजो गीत गाउनका लागि विभिन्न पारम्परिक लोकवाद्ययन्त्रहरू प्रयोग गरिन्छ जस्तै : डम्फु, मादल र खैजडी, सारंगी आदि ।

ग्रामीण भेग र स्थानीय राष्ट्रिय तथा सामाजिक परिवेशसँग सम्बन्धित शब्दहरू हुन्छन् । स्वरको उतार चढाव तल देखि माथि सम्म हुन्छ सालैजो गीतहरू प्राकृतिक, जनजीवन ,प्रेम, बिछोड र सामाजिक संरचनासँग सम्बन्धित यस्ता बिम्बहरूले गीतलाई अझ बढी भावनात्मक रुपमा जीवन्त बनाउँछन् ।

यसको सङ्गीत संरचना, लय, ताल, वाद्ययन्त्र र साङ्गीतिक शैली नेपाली लोकसङ्गीतकको मौलिक पहिचान झल्काउने खालको छ । सालैजो गीत नेपाली लोकसङ्गीतको मौलिक प्रकार हो, जसले नेपालको परम्परागत सङ्गीत संरचना, राग-ताल, र गायकी शैली झल्काउँछ । यसले पहाडी भेगका लोकसंस्कृति, रहनसहन, र भावनालाई सङ्गीत मार्फत अभिव्यक्त गर्छ ।

गीतहरूमा प्रेम, प्रकृति, विछोड, सामाजिक कथा, परदेश, संघर्ष आदिको भाव व्यक्त गरिन्छ । सालैजोको लयबद्ध, सरल, र मधुर सङ्गीतले मानिसलाई शान्ति, आनन्द, र सकारात्मक ऊर्जा प्रदान गर्छ । परदेश गएका नेपालीहरूले सालैजो सुन्दा आफ्नो जन्म भूमिप्रति माया र भावनात्मक सम्बन्ध महसुस गर्छन्, जसले मानसिक स्वास्थ्यमा पनि सकारात्मक प्रभाव पार्छ । आजभोलि परम्परागत सालैजो गीतहरूलाई आधुनिक सङ्गीतसँग फ्युजन गरी नयाँ प्रस्तुति दिने प्रवृत्ति बढ्दो छ । आधुनिक इलेक्ट्रोनिक सङ्गीतमा पनि सालैजोको लय र भाव मिलाएर नयाँ शैलीका गीतहरू बनाइएका छन् ।

**समाजमा पार्ने प्रभाव**

नेपाली लोक साहित्यको महत्त्वपूर्ण विधा लोकगीत हो । लोक र गीतको संयोजनबाट लोकगीत बनेको हो। लोक गीतलाई समाजको ऐना पनि भनिएको छ (धर्मराज थापा) । जसरी ऐनाले मानिसको रूप स्वरूप र वास्तविकता छर्लङ्ग देखाउँछ । त्यसैगरी लोक गीतले पनि कुनै पनि समाजको वास्तविकता यथार्थता स्वर शब्द

Journal homepage: https://www.nepjol.info/index.php/jfac
Publisher: Fine Arts Campus (Tribhuvan University), Kathmandu, Nepal.
https://lc.tu.edu.np
email : journalfinearts@gmail.com

र सङ्गीतमार्फत देखाउँछ । लोकगीतलाई विभिन्न प्रकार र शैलीहरूमा बाँधिएको छ । तिनी शैलीहरूमध्ये सालैजो पनि एक प्रमुख लोकगीतको शैली हो । सालैजो गीत नेपाली लोकसङ्गीतको एक ऊर्जाशील र यथार्थपरक अनि साँस्कृतिक पहिचान बोकेको गीत हो । सालैजो मनोरञ्जनमूलक गीत हो । गीत घाँस काट्दा, गोठालो जाँदा, धान, मकै, कोदो गोड्दा होस् वा बसिबियाँलोमा गर्दा वा विरह चल्दा यो गीत गाउने गरिन्छ । श्रृंगार रसमा आधारित सालैजो गीत माया र प्रेमका भाव मज्जाले व्यक्त गर्न सकिन्छ ।

यो गीतमा ठिटाठिटीहरू मज्जाले जिस्किँदै गाउँछन् नाच्छन् महिलाले गुन्यु चोली, पुरुषले कछार, खादीलगायतका परम्परागत मगर र गुरुङ भेषभुषामा सजिएर डम्फु हातमा लिएर नाच्दै गर्दा निकै रमाइलो दृश्य देखिन्छ । सालैजो गाउँदा गाउँघरमा सेलरोटी अचार खाँदै रमाइलो गर्ने चलन पनि छ ।

सालैजो गीतबाट समाजको विविध पक्षहरू जस्तै प्रेम बिछोड संघर्ष र सामाजिक यथार्थता झल्किन्छ । विभिन्न सामाजिक परम्परा र समाजका सकारात्मक र नकारात्मक पक्षहरुलाई गीतका माध्यमबाट प्रस्तुत गरिन्छ । सालैजो गीतका माध्यमबाट समाजमा रहेका मानिसहरूको मनोभावना व्यक्त गर्न सजिलो हुन्छ । मनमा लागेका कुराहरु आफ्ना कथा व्यथाहरु गीतका माध्यमबाट प्रस्तुत गर्न सजिलो हुन्छ । जसले गर्दा मानसिक शान्ति र आनन्द प्राप्त गर्न सहयोग गर्दछ ।

सालैजो गीतमार्फत देशभित्र मात्रै होइन, संसारका विभिन्न देशमा पुगेका नेपालीले पनि सालैजोलाई रेकर्ड गरी प्रचारप्रसार पनि गरेका छन् । साथसाथै विदेशमा रहेका नेपालीले कलाकारहरु बोलाएर पनि विभिन्न मेला, महोत्सव, पर्वमा पनि यो गीत गुञ्जाएर नाच्ने गर्छन् । देशमा मात्रै नभई विदेशसम्म पुग्ने गरेका चर्चित केही कलाकारहरुको नाममा खड्ग गर्बुजा, थानेश्वर गौतम, राजु परियार, लाली बुढाथोकी, राजु गुरुङ, मिना गर्बुजा, निता पुन, मिरा रोका, धनबहादुर गुरुङ, शर्मिला गुरुङ, बिरु लामा, जयलक्ष्मी छन्त्याल पुन, दुर्गा गुरुङ, अन्जना गुरुङ, कुमार पुन, शङ्कर विरही गुरुङ्ग, रामजी खाँड, देवि घर्ती, प्रसाद खप्तडी मगर, मौसम गुरुङ्ग,दुर्गा गुरुङ्ग, लगायत धेरै कलाकारहरु छन् ।

सालैजो गीत नेपाली लोक संस्कृतिको एक महत्वपूर्ण हिस्सा हो । बागलुङ ,म्याग्दी, पर्वत, स्याङ्जा, गुल्मी, तनहुँ, गोर्खा, लमजुङ कास्की, नवलपरासी, पाल्पा, लगायतका जिल्लाहरुमा प्रचलित छ । सालैजो गीत प्रायः उत्सव, विवाह, चाडपर्व, मेला, महोत्सव र अन्य सामाजिक तथा साँस्कृतिक अवसरहरूमा गाउने गरिन्छ । सालैजो गीतहरू स्थानीय संस्कृतिको धरोहर हुन् । यसमा स्थानीय भाषा, भेषभूषा, परम्परा र रहनसहनको झल्को पाइन्छ । सालैजो गीत सामूहिक रूपमा गाइने भएकाले यसले समुदायमा एकता, स्नेह र सद्भावना फैलाउने कार्य गर्छ । यो गीत परम्परागत कथाहरू, ऐतिहासिक घटनाहरू र स्थानीय जीवनशैलीलाई सङ्गीतमा व्यक्त गरेर समयको दस्तावेजीकरण गरिएको छ । सालैजो गीतमा साहित्यिक श्रृङ्गार र सङ्गीतको उत्कृष्ट संयोजन पाइन्छ । यसले गीतलाई सुन्दर र सजीव बनाउँछ । सालैजो गीतहरूमा समाजको सकारात्मक र नकारात्मक पक्षलाई उजागर गर्दै चेतनामूलक सन्देश दिन्छ । सालैजो गीत नेपाली साँस्कृतिक सम्पदाको एउटा जीवित परम्परा हो जसले पुस्तान्तरण र समयको यात्रालाई जोड्ने काम गर्छ ।

**निष्कर्ष**

नेपाल बहुसाँस्कृतिक बहुजाति र देश भएकोले यहाँ विभिन्न ठाउँ जिल्ला समाज र परिवेशमा आ-आफ्नै साहित्यिक र साँस्कृतिक परिवेश छ । यसक्रममा सालैजो नेपाली लोककला सङ्गीत र संस्कृतिमा अत्यन्त ठूलो महत्वपूर्ण भूमिका खल्ने गीतको रुपमा पहिचान बनाएको छ । परम्परागत गीत भएपनि आजभोलि युवा युवतीहरुमा समेत देशदेखि विदेशसम्म साँस्कृतिक र साँस्कृतिक कार्यक्रमहरू रमाइलो गर्ने नाच्ने र खुशियाली बाँड्ने गीतका रुपमा अत्यन्तै प्रचलित छ । नेपाली मौलिक साहित्य र लोक साहित्य जोगाउन सालैजो गीतको पनि माध्यमबाट सहज भएको छ सालैजो गीतका माध्यमबाट नेपाली समाजमा रमाइलो नाचगान मेला पर्वहरूमा भेटघाटले गर्दा एकअर्कामा भाइचाराको सम्बन्ध स्थापना गर्न सजिलो सजिलो भएको छ । सालैजो गीतको प्रस्तुति रेकर्ड प्रचारप्रसारले साँस्कृतिक पर्यटन क्षेत्रमा पनि टेवा पुगेको छ । यसरी सालैजो गीत नेपाली कला संस्कृतिको महत्वपूर्ण साँस्कृतिक सम्पदाको रुपमा रहेको छ । यसलाई जगेर्ना गर्दै आगामी पुस्ताहरूलाई समेत सालैजोको महत्व बुझाउन सकेमा साथै पुस्ता हस्तान्तरण गर्न सके नेपाली लोक कला संस्कृतिलाई जोगाउन महत्वपूर्ण योगदान मिल्नेछ । सालैजो हाम्रो साझा सम्पत्ति हो साझा संस्कृति हो । सामूहिक संस्कृति हो । यसले सामूहिक हित र मेलमिलाप माया प्रेम बाँड्न र प्रेम लाभका भावना पैदा गर्न समेत महत्वपूर्ण योगदान दिएको छ ।

**सन्दर्भ सामग्रीहरू**

आचार्य, कृष्णप्रसाद (वि.सं.२०६३). *पूर्व आधुनिक नेपाली साहित्य लोकसाहित्य र आधुनिक नेपाली निबन्ध* कीर्तिपुरः क्षितिज प्रकाशन ।
पौडेल, द्रोणकुमार (वि.सं.२०७४). *लोकवार्ता सिद्धान्त र नेपाली सन्दर्भ.* नेपाल प्रज्ञा प्रतिष्ठान
गिरी, जीवेन्द्रदेव (वि.सं.२०७२). *नेपाली लोकवार्ता.* नेपाल प्रज्ञा प्रतिष्ठान ।
न्यौपाने, कुसुमाकर (वि.सं.२०७०). *नेपाली लोकगीत.* फिस्टेल पब्लिकेशन प्रा.लि.।
पराजुली, कृष्ण प्रसाद (वि.सं.२०५७). *नेपाली लोकगीतको आलेख* रत्न पुस्तक भण्डार । .
बन्धु, चुडामणि (वि.सं. २०५८). *नेपाली लोक साहित्य.* एकता बुक्स डिस्ट्रीब्यूटर्स प्रा.लि. । .
बराल, कृष्णहरि (वि.सं.२०७९). *गीत सिद्धान्त र इतिहास.* विद्यार्थी पुस्तक भण्डार ।
रावल, बेनी जंगम (वि.सं.२०६३). *सन्दर्भः लोकगीतका,* भृकुटी ऐकेडेमिक पब्लिकेशन ।

**अनुसुची**

खड्ग गर्बुजा, लोक गायक. (२०८१ फागुन २७). टेलिफोन अन्तर्वार्ता (दिउँसो ३:०० बजे) ।
राजु गुरुङ्ग, सालैजो गायक (२०८२-०३-२२) टेलिफोन अन्तर्वाता (साँझ ७:३० बजे) ।